आज मिति २०७९ असोज ११ गते मंगलबारका दिन बागचौर नगर कार्यपालिका सल्यानका नगर प्रमुख श्री जनकराज गौतमज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बस्यो । बैठकको उपस्थिति र निर्णय देहाय बमोजिम छ :-

उपस्थिति

| | | |
|---|---|---|
| श्री जनकराज गौतम | नगर प्रमुख | |
| श्री सुस्मिमा डि.सि. वली | उप-प्रमुख | |
| श्री गंगाराम बस्नेत | १ नं. वडा अध्यक्ष | |
| श्री दिपेश डि.सी | २ नं. वडा अध्यक्ष | |
| श्री भीम प्रकाश भण्डारी | ३ नं. वडा अध्यक्ष | |
| श्री कृष्ण बहादुर बस्नेत | ४ नं. वडा अध्यक्ष | |
| श्री जोगेन्द्र वली | ५ नं. वडा अध्यक्ष | |
| श्री ज्ञान बहादुर वली | ६ नं. वडा अध्यक्ष | |
| श्री प्रेम बहादुर डि.सी. | ७ नं. वडा अध्यक्ष | |
| श्री शुसिल जंग चन्द | ८ नं. वडा अध्यक्ष | |
| श्री यज्ञ बहादुर डाँगी | ९ नं. वडा अध्यक्ष | |
| श्री ज्ञान प्रसास शर्मा धिताल | १० नं. वडा अध्यक्ष | |
| श्री केश बहादुर भण्डारी | ११ नं. वडा अध्यक्ष | |
| श्री टीकाराम वली | १२ नं. वडा अध्यक्ष | |
| श्री रोजी बुढाथोकी | कार्यपालिका सदस्य | |
| श्री ढाँका कुमारी वली डि.सी. | कार्यपालिका सदस्य | |
| श्री रीता दमाई | कार्यपालिका सदस्य | |
| श्री सीता शर्मा | कार्यपालिका सदस्य | |
| श्री रेखा कुमारी डाँगी खत्री | कार्यपालिका सदस्य | |
| श्री दिपक बि.क. | कार्यपालिका सदस्य | |
| श्री रेशम बि.क. | कार्यपालिका सदस्य | |
| श्री टिकाराम बि.क. | कार्यपालिका सदस्य | |
| श्री अनन्त कुमार गौतम | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

आमन्त्रित

| | |
|---|---|
| श्री तिर्थराज डाँगी | सूचना प्रविधि अधिकृत |

**कार्यपालिका बैठक नं. २ मिति २०७९।०६।११ ( आ.व. २०७९।०८०)**

**प्रस्तावहरुः**

१) जग्गा प्राप्ति गर्ने सम्बन्धमा ( आधारभुत अस्पताल, कोल्ड स्टोर र औद्योगिक क्षेत्र ) ।

२) नगर भित्रका सडक मर्मत सम्बन्धमा ।

३) ट्रान्सफर्मर खरिद तथा सडक बत्ती मर्मत सम्भार सम्बन्धमा ।

४) शिक्षण सिकाई अनुदान सम्बन्धमा ।

५) आँखा उपचार केन्द्र सञ्चालन सम्बन्धमा ।

६) खरको छाना विस्थापित सम्बन्धमा ।

७) 'घ' वर्गको ईजाजत पत्र प्रदान स्थानान्तरण तथा नविकरण सम्बन्धमा ।

८) मानसिक स्वास्थ्य तथा मनोसामाजिक नीति, २०७९ पारित सम्बन्धमा ।

९) लै.स. सा. स. नीति, २०७९ अनुमोदन ।

१०) अपाङगता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि २०७९ पारित सम्बन्धमा ।

११) स्वास्थ्य संकट एवं विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०७९ पारित सम्बन्धमा ।

१२) आर्थिक सहायता सम्बन्धमा ।

१३) भुमी वर्गिकरणको आधारहरु प्रमाणिकण सम्बन्धमा ।

१४) भुमिहिन तथा अवस्थित बसोबासीहरुको कार्ययोजना सम्बन्धमा ।

१५) विविध

जनकराज गौतम
नगर प्रमुख

**निर्णयहरुः**

**निर्णय नं. १** प्रस्ताव नं. १ मा छलफल हुँदा अस्पताल, कोल्ड स्टोर र औद्योगिक क्षेत्रको लागि जग्गा प्राप्ति सम्बन्धमा मिति २०७९।०५।१५ गतेको सूचना आह्वान भए बमोजिम आधारभुत अस्पतालको लागि जग्गा दान गर्न पेश भएका ३ वटा निवेदनहरुबाट सो जग्गाको सम्भाव्यता अध्ययन गरी उपयुक्त जग्गा छनौट गरी सो को प्रतिवेदन कार्यपालिकामा पेश गर्न ९ सदस्यिय **"जग्गा छनौट तथा सम्भाव्यता अध्ययन समिति"** गठन गर्ने निर्णय गरियो । उक्त समितिले मिति २०७९।०५।१० गतेको कार्यपालिकाको वैठकको निर्णयमा तोके बमोजिमको मापदण्डको आधारमा १५ दिन भित्र उपयुक्त जग्गा छनौट गरी अनुमोदनका लागी कार्यपालिकामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

सदस्यहरु

| | | | |
|---|---|---|---|
| क) | ७ नं. वडा अध्यक्ष | प्रेम डि.सी. | संयोजक |
| ख) | २ नं. वडा अध्यक्ष | दिपेश डि.सि. | सदस्य |
| ग) | ५ नं. वडा अध्यक्ष | जोगेन्द्र वली | सदस्य |
| घ) | ८ नं. वडा अध्यक्ष | शुसिल जंग चन्द | सदस्य |
| ङ) | १० नं. वडा अध्यक्ष | ज्ञान प्रसाद धिताल | सदस्य |
| च) | १२ नं. वडा अध्यक्ष | टीकाराम वली | सदस्य |
| छ) | कार्यपालिका सदस्य वडा | रेखा के.सी. डाँगी | सदस्य |
| ज) | ईन्जिनियर | ज्ञानु वस्नेत | सदस्य |
| झ) | अमिन | सञ्जिव भण्डारी | सदस्य-सचिव |

साथै कोल्ड स्टोर र औद्योगिक क्षेत्रको लागि पुनः सूचना आह्वान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** प्रस्ताव नं. २ मा छलफल हुँदा नगर भित्रका सडक वर्षायाममा विभिन्न स्थानमा पहिरो गएको तथा बिग्रे भत्केकोले नगर भित्रका बाह्र वटै वडाका सडकहरु मर्मत सम्भार गर्नुपर्ने भएकोले मिति २०७९।०६।०८ गतेको सम्पुर्ण वडा अध्यक्ष सहितको वैठकको निर्णय अनुसार दशैं अगावै प्रति वडा रु.२ लाखमा नबढ्ने गरी सडक बाटो मर्मत सम्भार गर्ने कार्यलाई आ.व. २०७९।०८० को रातो किताबको सि. नं. ९८ "नगरपालिका अन्तरगत सम्पुर्ण बाटोहरु मर्मत तथा स्तरोन्नति" शिर्षकबाट खर्च हुने गरि अनुमोदन गर्ने निर्णय गरियो ।

जनकराज गौतम
नगर प्रमुख

अनन्त कुमार गौतम
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ३** प्रस्ताव नं. ३ ट्रान्सफर्मर खरिद् सम्बन्धमा छलफल हुँदा नगर भित्रका कतिपय वडाहरुमा विगतका वर्षहरुमा नै विद्युत लाईन विस्तार गरिएको, विद्युत लाइन विस्तार गरिएका क्षेत्रमा वत्ती बाल्न आवश्यक ट्रान्सफर्मर लगायतका विद्युत सामाग्री खरिदका लागि गत आ.व.मा नै टेन्डर गरिएकोमा सो टेन्डर सम्झौता हुन नसकी विद्युत सामाग्री आपुर्ति नभएकोले उक्त विद्युत लाईन विस्तार गरिएको क्षेत्रमा चाड पर्वलाई मध्यनजर गरि यथासम्भव चाडो वत्ती बाल्न आवश्यक पर्ने ट्रान्सफर्मर लगायतका विद्युत सामाग्री छिटो छरितो माध्यामबाट खरिद गर्न आ.व. २०७९।०८० को रातो किताबको सि.न. ९९ खर्च शिर्षक ३११५३ विद्युत तर्फ बजेट रु २ करोड ५० लाख विनियोजित भएकोले तपसिल बमोजिमको शिर्षकहरुमा बजेट रकमान्तर गरि विद्युत ट्रान्सफर्मर खरिद गर्ने कार्यलाई अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र.स. | शिर्षकको नाम | बजेट रु | कै. |
|---|---|---|---|
| १ | वडा नं. १ र ५ को लागि विद्युत सामाग्री खरिद | १० लाख | |
| २ | वडा नं. ११ को लागि विद्युत सामाग्री खरिद | १० लाख | |
| ३ | वडा नं. १२ को लागि विद्युत सामाग्री खरिद | १० लाख | |

साथै नगरपालिका भित्र रहेका बिग्रिएका सडक बत्तीहरु मर्मत सम्भारको लागी आ.व. २०७९।०८० को रातो किताबको सि.न. ९९ खर्च शिर्षक ३११५३ विद्युत तर्फ रहेको रकमबाट खर्च हुने गरि सडक बत्ती मर्मत सम्भार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४** प्रस्ताव नं. ४ मा छलफल हुँदा शिक्षण सिकाईको लागि संघीय अनुदानबाट प्राप्त रकमबाट तलव सेवा पाइरहनु भएका १५ जना शिक्षक शिक्षिकाहरुको तलव निकासा रोक्का गरि सम्बन्धित विद्यालय / विद्यालय व्यवस्थापन समितिलाई कार्यविधिमा तोकिएको विषय भन्दा अन्य विषयमा कार्यरत शिक्षक रहे नरहेको विषयमा यकिन गरी सो सम्बन्धि कागजात सहित कार्यपालिका समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५** प्रस्ताव नं. ५ मा छलफल हुँदा आँखा उपचार केन्द्र खरिबोटलाई निरन्तरता दिने निर्णय गरियो । साथै उक्त केन्द्रमा कार्यरत कर्मचारीहरुको तलव सेवा खाइपाई आइरहेको तलव सेवामा रकम रु दुई हजार बढाई तलव सेवा प्रदान गर्ने निर्णय गरियो ।

जनकराज गौतम
नगर प्रमुख

अनन्त कुमार गौतम
प्रमुख प्रशासकीय अधिकृत

जनकराज गौतम
नगर प्रमुख

अनन्त कुमार गौतम
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ६** प्रस्ताव नं. ६ मा छलफल हुँदा खरको छाना विस्थापित सम्बन्धमा सम्पुर्ण वडाहरुले खरको छाना को विवरण प्राथामिकिकरण गरि कार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७** प्रस्ताव नं. ७ मा छलफल हुँदा 'घ' वर्गको ईजाजत पत्र प्रदान स्थानान्तरणको लागि राजश्व रु. १५ हजार लिने निर्णय निर्णय गरियो । उक्त राजश्व अनुमोदनका लागि नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८** प्रस्ताव नं. ८ मा छलफल हुँदा मानसिक स्वास्थ्य तथा मनोसामाजिक नीति, २०७९ सर्वसम्मत पारित गरियो ।

**निर्णय नं. ९** प्रस्ताव नं. ९ मा छलफल हुँदा लै.स. सा. स. नीति, २०७९ अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०** प्रस्ताव नं. १० मा छलफल हुँदा अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि २०७९ सर्वसम्मत रुपमा पारित गरियो ।

**निर्णय नं. ११** प्रस्ताव नं. ११ मा छलफल हुँदा स्वास्थ्य संकट एवं विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, २०७९ सर्वसम्मत रुपमा पारित गरियो ।

**निर्णय नं. १२** प्रस्ताव नं. १२ मा छलफल हुँदा यस बागचौर नगरपालिका भित्रका न्युन आय भएका, अशक्त, विपन्न, असहाय, बिरामी, विपद् तथा दैवि प्रकोपमा परेका, विपन्न वर्गका व्यक्तिको मृत्यू भइ पोष्टमार्टम गर्नुपर्ने अवस्थामा आर्थिक जटिलता भइ सम्बन्धित परिवारले पोष्टमार्टम गर्न नसकेमा नगरपालिका मार्फत सदरमुकाम लिन र ल्याउन लागेको सवारी खर्च मृतकका परिवारबाट पेश भएको बिल भरपाईका आधारमा नगरपालिकाबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १३** प्रस्ताव नं. १३ मा छलफल हुँदा भुमी वर्गीकरणको लागि आवश्यक मापदण्ड अनुसार प्रक्रिया पुरा गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४** प्रस्ताव नं. १४ मा छलफल हुँदा भुमिहिन तथा अवस्थित बसोबासीहरुको कार्ययोजना सम्बन्धमा १२ वटै वडाहरुबाट प्राप्त लगत संकलनलाई छलफल गरी कार्यान्वयनको प्रक्रियामा लैजाने निर्णय गरियो ।

**निर्णय नं. १५** यस नगरपालिका अन्तरगत प्राचिन काल देखि लाग्दै आएका र सास्कृतिक तथा खेलकुदका कार्यक्रम हुने मेलाहरु मोख्ला, रानीपोखरी, प्लाटनचौर, टाट्के, हिमचौर, चेरिङ्गे, शिवरथकोट, सानाकुमाख, दुधपोखरीको लागि बिल भरपाइ सहित निवेदन पेश भइ आएमा आर्थिक सहायता स्वरुप अधिकतम रु ५० हजार प्रदान गर्ने निर्णय गरियो ।

जनकराज गौतम
नगर प्रमुख

अनन्त कुमार गौतम
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १६** आ.व. २०७९।०८० को बजेट तथा कार्यक्रममा वडा नं.१, २, ३, ४, ७, ९ र १० को वडा कार्यालय भवन निर्माणका लागि प्रति वडा भवन ३५ लाख रकम विनियोजन गरिएकोमा लागत अनुमान तयार गर्दा सो रकम अपुग हुने देखीएकोले प्रति वडा भवन ४१ लाख बराबरको लागत अनुमान तयार गर्न स्विकृति पर्दान गर्ने र अनुमोदनको लागि नगर सभा समक्ष पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।